किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शिक्षा युवा तथा खेलकुद शाखा
बागमती प्रदेश, नेपाल
कार्यालय: नुवाकोट
२०७३

प.स. ०७७/०७८
च.न. १६९

मिति:२०७७/०५/१२

## विद्यालय क्षेत्र विकास कार्यक्रमको लागि माग तथा प्रस्ताव पेश गर्ने सम्बन्धि जरुरी सूचना।

प्रस्तुत विषयमा यस कार्यालयको आर्थिक वर्ष २०७७/७८ को वार्षिक स्वीकृत विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयहरूमा तपसिलका क्रियाकलापहरु संचालन गर्नका लागि विद्यालय छनौट गर्नुपर्ने भएकाले मिति २०७७ भाद्र ३० गते कार्यालय समयभित्र यस कार्यालयको शिक्षा युवा तथा खेलकूद शाखामा आइपुग्ने गरी माग पेश गर्नु हुन सम्बन्धित सामुदायिक विद्यालयहरूलाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

२०७७/५/१२
खुम बहादुर घर्ती
प्रमुख प्रशासकिय अधिकृत

तपसिल :

| क्र. स. | क्रियाकलापहरू/विनियोजित बजेट | भौतिक लक्ष्य | संग्लन गर्नुपर्ने कागजातहरू |
|---|---|---|---|
| १ | तोकिएको सुचाङ्कको आधारमा कार्य सम्पादन सम्पन्न गर्ने विद्यालयलाई कार्य सम्पादनमा आधारित अनुदान ( Performance based Grants) (प्रति विद्यालय ५० हजार ) | ४ | ➢ अनुदान रकम मागका लागि विद्यालयको पत्र<br>➢ विद्यालयको स्वमूल्यांकन अंक भरी प्रधानाध्यापकद्वारा प्रमाणित गरिएको विद्यालय अनुदान व्यवस्थापन निर्देशिका २०७४ को अनुसूची -३ मा उल्लेखित कार्य सम्पादन मुल्यांकन फारम<br>➢ गत आ.व को audit रिपोर्ट<br>➢ सम्बन्धित वडाको सिफारिस पत्र । |
| २ | WASH सुविधा भएको शौचालय (प्रति विद्यालय ७ लाख) | १ | ➢ शौचालय मागका लागि विद्यालयको पत्र<br>➢ विगत २ वर्षको अवधिभित्र जि.शि.स.इकाई नुवाकोट, प्रदेश सरकार वा अन्य सरकारी तथा गैर सरकारी निकायबाट कुनै किसमको शौचालय निर्माण सम्बन्धी कार्यक्रम प्राप्त नगरेको व्यहोरा खुलेको पत्र<br>➢ विद्यालयले कुल लागतको तोकिएको प्रतिशत जनश्रमदान जुटाइ काम गराउने र लागत इस्टिमेट अनुसार नपुग हुने रकम विद्यालयले आफ्नै स्रोतबाट व्यहोरी कार्य सम्पन्न गर्ने प्रतिबद्धता पत्र<br>➢ शौचालय निर्माणका लागि विद्यालयसंग पर्याप्त जमीन भएको व्यहोरा खुल्ने कागजातहरु<br>➢ गत आ.व को audit रिपोर्ट<br>➢ सम्बन्धित वडाको सिफारिस पत्र । |

किस्पाङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

शिक्षा युवा तथा खेलकुद शाखा

बागमति प्रदेश, नेपाल

काहुले, नुवाकोट

२०७३

| | | | |
|---|---|---|---|
| ३ | गणीत, विज्ञान र अंग्रेजी विषयका लागि क्रियाकलापमा आधारित सामाग्री Kits अनुदान (कक्षा ६-८) (प्रति विद्यालय ५० हजार ) | १ | ➢ अनुदान रकम मागका लागि विद्यालयको पत्र<br>➢ विद्यालयले पा.वि.के.बाट विकास तथा स्विकृत भएका गणीत, विज्ञान, र अंग्रेजी विषयका सामग्रीहरुको व्यवस्था गरी विधार्थीको सिकाइमा सहजीकरण गर्ने प्रस्तावना<br>➢ गत आ.व को audit रिपोर्ट<br>➢ सम्बन्धित वडाको सिफारिस पत्र । |
| ४ | माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान (प्रति विद्यालय ६ लाख ५० हजार) | १ | ➢ विगत २ वर्षको अवधिभित्र जि.शि.स.इकाई नुवाकोट, प्रदेश सरकार वा अन्य सरकारी तथा गैर सरकारी निकायबाट हाल माग गरेको प्राकृतिको कार्यक्रम प्राप्त नगरेको व्यहोरा खुलेको पत्र<br>➢ पुस्तकालय/ICT/विज्ञान प्रयोगशाला जुन कार्यक्रमका लागि अनुदान माग गर्ने हो त्यसको स्थापनाको लागि आवश्यक कक्ष/कोठा भई उक्त कार्यक्रम कार्यान्वियन गर्नका लागि नमुना विद्यालय संचालन निर्देशिका २०७४ को सम्बन्धित खण्ड २ अनुसूचिमा भएको आधार तथा स्पेसिफिकेशनको परिधिभित्र रहेर सार्बजनिक खरिद ऐन, नियमावली तथा विद्यालय खरिद दिग्दर्शन अनुसारका प्रक्रियाहरु पुरा गरी सामग्री खरिद तथा व्यवस्थापन गर्ने कार्ययोजना सहित उल्लेख गरेर तयार पारिएको प्रस्तावना<br>➢ गत आ.व. को audit रिपोर्ट<br>➢ सम्बन्धित वडाको सिफारिस । |
| ५ | माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन (फिक्सिङ्ग , पुस्तक खरिद तथा ई-पुस्तकालय समेत) (प्रति विद्यालय ६ लाख ५० हजार) | १ | |
| ६ | शिक्षण सिकाइमा सूचना प्रविधि (ICT) को प्रयोग | १ | |

बोधार्थः श्री सूचना प्रविधि अधिकृत ज्यू : सूचना वेबसाइटमा अपलोड गरिदिन हुन ।

२०७७/१२/१२